
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ३२३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ पुस ७ गते बिहीबार ❑ 22 Dec. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## सभापति देउवा संसदीय दलको नेतामा निर्वाचित

पोखरापत्र संवाददाता

पोखरा, ६ पुस

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा पार्टीको संसदीय दलको नेतामा निर्वाचित हुनुभएको छ।

पार्टीको संसदीय दलको नेताका लागि बुधबार भएको मतदानमा उहाँले अर्का उम्मेदवार पार्टीका महामन्त्री गगनकुमार थापालाई पराजित गरी निर्वाचित हुनुभएको हो।

मतदानमा कुल मत ८९ खसेको र त्यसमध्ये सभापति देउवाले ६४ तथा महामन्त्री थापाले २५ मत प्राप्त गर्नुभएको कांग्रेसको 'संसदीय दलको नेता तथा कार्यसमिति निर्वाचन समिति'ले जनाएको छ। मतदान बुधबार बिहान भएको थियो। सभापति देउवाको उम्मेदवारीको




प्रस्तावकमा वरिष्ठ नेता रामचन्द्र पौडेल र समर्थक पार्टी उपसभापति पूर्णबहादुर खड्का रहनुभएको थियो। यसैगरी महामन्त्री थापाको उम्मेदवारीको प्रस्तावक नेता डा शेखर कोइराला तथा समर्थकमा उपसभापति धनराज गुरुङ, महामन्त्री विश्वप्रकाश शर्मा र केन्द्रीय सदस्य प्रदीप पौडेल रहनुभएको थियो। यस निर्वाचनका मतदाता पार्टीका प्रतिनिधिसभा सदस्य हुन्। गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा कांग्रेसले प्रत्यक्षतर्फ ५७ र समानुपातिकतर्फ ३२ गरी ८९ सिटमा विजयी हासिल गरेको थियो।

सभापति देउवा यो सँगै छैठौँ पटक पार्टीको संसदीय दलको नेता बन्नुभएको छ। यस अधि उहाँ विसं २०५१, २०५८, २०६३, २०७२ र २०७४ मा समेत संसदीय दलको नेता निर्वाचित हुनुभएको थियो। कांग्रेस सभापति देउवा नेपाली राजनीतिमा छ दशकदेखि निरन्तर क्रियाशील व्यक्तित्वको रूपमा स्थापित हुनुहुन्छ। उहाँ पार्टीको १४औँ महाधिवेशनबाट दोस्रो कार्यकालका लागि पुनः सभापतिमा निर्वाचित हुनुभएको थियो। विसं २०४८ मा गृहमन्त्री बन्नुभएका देउवाले हालसम्म गरी पाचौँ पटक प्रधानमन्त्रीको जिम्मेवारी सम्हालिरहनुभएको छ।

## गण्डकी प्रदेशका सांसदहरुको पुष १४ गते शपथ ग्रहण हुने तयारी

पोखरापत्र संवाददाता

पोखरा, ६ पुस

गण्डकी प्रदेश सभाका सांसदहरुको यही पुष १४ गते बिहीबार शपथ ग्रहण हुने भएको छ।

पुष १४ गते प्रदेश सभाका जेष्ठ सदस्यबाट प्रदेश सभा सदस्यहरुलाई शपत ग्रहण गराउने कार्यक्रम तय गरिएको प्रदेश सभा सचिवालयका सचिव हरिराज पोखेलले बताए।

प्रदेश सभाका सदस्यहरु मध्य ज्येष्ठ सदस्यको पुष १३ गते शपत ग्रहण हुने भएको छ। पुष १४ गते शपत ग्रहण गराउने आन्तरिक तयारीमा प्रदेशका सबै सांसहरुलाई सूचना पठाउने तयारी गरेको सचिव पोखेलले बताए। पुष १३ गते ज्येष्ठ सदस्य पर्वत १ (२) बाट निर्वाचित एमालेका मित्रलाल बस्याललाई प्रदेश प्रमुख पृथ्वीमान गुरुङले शपथ ग्रहण गराउने तयारी भएको उनले जनाए। बस्याल अर्को सांसद बिन्दुकुमार थापा भन्दा २ दिनले जेठा हुन्। प्रदेशको कानून संचार तथा प्रदेश सभा मामिला मन्त्री समेत रहेका कास्की २(२) बाट निर्वाचित थापा २०१४/५/७ गते जन्मेका हुन्।

माननीय ज्यूहरुले शपथ लिन आउँदा नागरिकता प्रमाणपत्रको फोटोकपी, दुई प्रति फोटो र निर्वाचन आयोगले दिएको निर्वाचित भएको प्रमाणपत्र ल्याउनुपर्ने सचिव पोखेलले बताए। यसैबिच प्रदेश प्रमुखको कार्यालयले पुष १३ गते प्रदेश प्रमुख पृथ्वीमान गुरुङबाट नेपाकलो संविधानको धारा १८२(५) र प्रदेश सभा निर्वाचन ऐन २०७४ को दफा ७५(१) बमोजिम पद तथा गोपनियताको सपथ ग्रहण गराउने कार्यक्रम तय भएको प्रेस विज्ञेप्ति मार्फत जानकारी गराएको छ।

पुष २२ गते अघि नै प्रदेश प्रमुखले संसद बैठक बोलाउनुपर्ने छ। गण्डकी प्रदेशसभामा ३६ जना प्रत्यक्ष र २४ जना समानुपातिकबाट गरी ६० जना निर्वाचित भएका छन्। कुनै पनि दलको एकल बहुमत पुग्दैन।

यसमा कागेंसको २७, एमालेको २२, माओबादी केन्द्रको ८, एकिकृत समाजबादी (स्वतन्त्रबाट आई पार्टी प्रबेश गरेका) एक जना, राप्रपाका २ जना सांसद रहेका छन्।

## दोस्रो मेयर कप साइकल दौडको उपाधि हिक्मतलाई

पोखरापत्र संवाददाता

पोखरा, ६ पुस

पोखरामा बुधबार सम्पन्न भएको दोस्रो मेयर कप राष्ट्रिय साइकल दौड प्रतियोगिताको उपाधि हिक्मत विकले जितेका छन्।

पोखरा महानगरपालिका खेलकुद विकास समितिको आयोजनामा बुधबार भएको साइकल दौडमा हिक्मतले निर्धारित ५० किलोमिटर दुरी ३ घण्टा १२ मिनेटमा पार गरी उपाधि जितेका हुन्। त्यसै गरी महिला तर्फको विधामा लक्ष्मी मगर र ४० बर्ष माथिका खेलाडी सहभागि प्रतियोगितमा भने नयन मानन्धर विजेता बनेका छन्। ४० वर्षमुनिको पुरुषतर्फ हिक्मत प्रथम हुँदा सन्दिप सुन्दौली द्धितीय र सुमित गुरुङ तृतीय भए। सन्दिपले ३ घण्टा २८ मिनेट ३४ सेकेण्ड र सुमितले ३ घण्टा ४८ मिनेटमा पार गरेको खेलकुद विकास समितिका सदस्य सचिव सुवास खड्काले जानकारी दिए। ४० वर्षमुनिको महिलातर्फ लक्ष्मी प्रथम



हुँदा सुधा राई द्धितीय र सोफिया विश्वकर्मा तृतीय भए। लक्ष्मीले निर्धारित ५० किलोमिटर दुरी ३ घण्टा ३९ मिनेट ४९ सेकेण्डमा पार गरेकी थिइन्। यो विधामा तीन जनामात्रै प्रतिस्पर्धी भएकाले एक राउण्ड पार गरेका सुधा र सोफियालाई द्धितीय र तृतीय घोषित गरिएको हो। ४० वर्षमाथिको पुरुष विधामा नयन प्रथम हुँदा देवबहादुर बोहोरा द्धितीय र बाबुराम विश्वकर्मा तृतीय भए। मानन्धरले ३ घण्टा ५१ मिनेट १६ सेकेण्ड, बोहोराले ४ घण्टा १ मिनेट २५ सेकेण्ड र विकले ५ घण्टा ८ मिनेट २७ सेकेण्डमा निर्धारित दुरी पार गरेको खड्काले जानकारी दिए।

प्रतियोगितामा ४० वर्षमुनिको महिला र पुरुषतर्फ प्रथम हुनेले ३० हजार, द्धितीयले २० हजार र तृतीयले १० हजार रुपैयाँ पुरस्कार पाएका छन्। ४० वर्षमाथिको विधामा प्रथम हुनेले १० हजार, द्धितीयले १० हजार र तृतीयले ५ हजार पुरस्कार पाए। ४० वर्षमुनिको विधामा सान्त्वना हुने दुई जना पुरुष प्रतियोगीले ५/५ हजार रुपैयाँ सान्त्वना पुरस्कार पाएका छन्। चौँथो भएका सुमन विक र पाँचौ भएका शिवप्रसाद थारुले उक्त पुरस्कार पाएका हुन्।

पोखरा-२१ कमेरेबाट सुरु भई सोही वडाको मट्टिखान, धुवारकोट, बाघखोर, भालुडाँडा हुँदै पुनः कमेरेमा आएर साइकल दौड समापन भएको थियो। यो रुट दुई फन्को लगाएपछि दुरी पार भएको थियो। नेपाल साइक्लिङ संघ, कास्की जिल्ला साइक्लिङ संघको प्राविधिक सहयोगमा प्रतियोगिता भएको हो। प्रतियोगितामा साइकल सिटी पोखराले पनि सहयोग गरेको थियो। विजेता खेलाडीहरुलाई पोखराका मेयर धनराज आचार्य, समितिका अध्यक्ष दीपक गोदार लगायतले पुरस्कार वितरण गरे।

यस अघि उक्त प्रतियोगिताको उद्घाटन

बाँकी अन्तिम पृष्ठमा ▶▶

## यती एयरलाइन्सले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान गर्ने तयारी

पोखरापत्र संवाददाता

पोखरा, ६ पुस

निजी क्षेत्रको हवाई संस्था यती एयरलाइन्सले पोखरा अन्तर र्राष्ट्रिय विमानस्थलबाट उडान गर्ने तयारी गरेको छ।

नागरिक उड्डयन प्राधिकरणले पर्यटकीय क्षेत्र पोखरामा आगामी जनवरी १ तारिखदेखि पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन गर्ने तयारी गरेसँगै यती एयरलाइन्सले बिहीबार प्रदर्शन उडान गर्न लागेको हो।

एयरलाइन्सका प्रवक्ता एवं हवाई सुरक्षा प्रमुख सुदर्शन बर्तौलाले राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा बिहान १० बजे एटिआर-७२ विमानमार्फत प्रदर्शन उडान गर्न लागेको जानकारी दिनुभयो। उडान भर्ने तयारीस्वरुप एयरलाइन्सले नयाँ विमानस्थलबाट उडान गर्न आवश्यक जनशक्ति तयारी गर्ने, आवश्यक तालिम दिने, भूमिस्थ उपकरण व्यवस्थापन गर्ने र विमानस्थलस्थित अफिस तयारी गर्ने आन्तरिक कामलाई तीव्र बनाएको छ। यती एयरलाइन्सले चालक दलका सदस्यलाई नयाँ विमानस्थलमा अभ्यस्त गर्न र एयरलाइन्सको आन्तरिक तयारीका लागि उडान भर्न लागेको प्रवक्ता बर्तौलाले बताउनुभयो। यसरी हुने उडानले चालक दलका सदस्यलाई नयाँ विमानस्थलको वस्तुस्थिति जानकारी हासिल गर्न सहज हुने सो एयरलाइन्सले जनाएको छ।

काठमाडौँबाट पोखराका लागि यतीले दैनिक सातवटा उडान गर्दै आएको छ भने अन्तर र्ष्ट्रिय विमानस्थल सञ्चालनमा आएसँगै नियमित उडानको स‍ट्या थप गर्ने र पोखराबाट अन्य विमानस्थलमा क्षेत्रीय उडान गर्ने तयारी गरेको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

## पोखरा उद्योग वाणिज्य संघद्धारा बस्तुगत संघहरुलाई सम्मान

पोखरापत्र संवाददाता

पोखरा, ६ पुस

पोखरा उद्योग वाणिज्य संघले 'समृद्धि स्टिल्स राष्ट्रिय औद्योगिक व्यापार मेला २०७९' सफल पार्न सघाउने बस्तुगत संघहरुलाई सम्मान गरेको छ।

पुस १६ देखि २५ गतेसम्म पोखराको नयाँबजारमा आयोजित मेला सफल हुनुमा बस्तुगत संघहरुको भूमिका महत्वपूर्ण रहेको भन्दै संघले बुधबार प्रशंसापत्रसहित ती संघ/संस्थाहरुलाई सम्मानित गरेको हो। संघ तथा कार्यक्रमका अध्यक्ष पवनकुमार प्रजापति,निवर्तमान अध्यक्ष नारायण कोइरालासहितले बस्तुगत संघहरुलाई प्रशंसापत्र प्रदान गरेका हुन्। कार्यक्रमा



बोल्दै अध्यक्ष प्रजापतिले बस्तुगत संघहरु पोखरा उद्योग वाणिज्य संघको खम्बा भएको र आउँदा दिनमा पनि यस्तै सहयोगको अपेक्षा राखिएको बताए। उनले बस्तुगत संघहरुले भोगेका समस्याहरुको जानकारी उद्योग वाणिज्य संघलाई गराउन पनि आग्रह गरे।

संघका निवर्तमान अध्यक्ष नारायण कोइरालाले निजी क्षेत्रका समस्या समाधानको लागि संघ निरन्तर लागिपरेको बताए। वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले व्यवसायीहरुका समस्याहरुलाई लिएर यही पुस १३ गते नेपाल राष्ट्र बैंक गण्डकी कार्यालयको आयोजनामा गोष्ठी आयोजना हुन लागेको जानकारी दिँदै आफ्ना समस्याहरु राख्न आग्रह गरे। संघका उपाध्यक्ष उत्तममान बुद्धाचार्यले मेला सफल हुनुको श्रेय बस्तुगत संघको सहयोग भएको उल्लेख गरे। महासचिव बलराम आचार्यले संकटग्रस्त निजी क्षेत्रलाई सहज हुने गरी नीति निर्माण तहमा हस्तक्षेपकारी धक्का दिन पोउवा संघ सधैँ तयार रहेको बताए।

कोषाध्यक्ष दीनेशचन्द्र बास्तोलाले मेला आयोजना नाफाको लागि नभएको र संघ व्यवसाय प्रवर्द्धन गर्ने उदेश्यमा सफलभएकोबताए।उपमहासचिव शोभा गौतमले बस्तुगत संघहरुसँग सहकार्य गर्न पोउवा संघ सदैव तयार रहेको र अब सिर्जनात्मक काममा लाग्ने बेला आएको बताइन्। कार्यक्रममा उपस्थित बस्तुगत संघका अध्यक्ष,पदाधिकारी तथा प्रतिनिधिहरुले सहकार्यको परम्परा निरन्तर रहने र संघका हरेक क्रियाकलापा सक्रिय सहभागिता जनाउने प्रतिवद्धता व्यक्त गरेका थिए।

# १५ औं हिसान स्पोर्टस मिट अन्तर्गत भलिबल र बास्केटबलका खेल सुरु

पोखरापत्र संवाददाता
पोखरा, ६ पुस

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) कास्कीको आयोजनामा पोखरामा १५ औं संस्करणको हिसान स्पोर्टस मिट अनौपचारिक रुपमा बुधबारबाट सुरु भएको छ।

स्पोर्टस मिट अन्तर्गत पोखरा रंगशालामा आजबाट छात्र-छात्र भलिबल र बास्केटबलका खेलहरु सुरु भएको हिसान कास्कीका अध्यक्ष याम बहादुर रोक्काले जानकारी दिएका हुन्। प्रतियोगिता अन्तर्गत छात्र भलिबल प्लस टु लेभलतर्फ तर्फ पहिलो दिन ९ र छात्रातर्फ ८ खेल सम्पन्न भएको भलिबल खेलका संयोजक किरण सापकोटाले जनाएका छन्।

प्लस टु छात्र भलिबलमा ग्लोबलले साइनिङ स्टारलाई, सबलाइमले न्यू लाइटलाई, सिर्जनाले पोखरा आदर्शलाई, सगरमाथाले जुनियर सिटिजन एकेडेमीलाई, डायमण्डले शिसुनिकेतनलाई सोझो २-० सेटमा पराजित गरेका छन्। त्यसै गरी हाभर्डले पिकेजीलाई, भाष्करले रत्नज्योतीलाई पश्चिमाञ्चलले मदरल्याण्डलाई, न्यू मोडलले गुरुकुललाई यूनिभर्सले लिटिल फ्लावरलाई पराजित गर्न सफल भएको संयोजक सापकोटाले जानकारी दिए।

यसै गरी प्लस टु छात्रातर्फ माउन्ट अन्नपूर्णले यूनिभर्सलाई, रत्नज्योतीले लिटिल



स्टेपलाई, त्रिवेणीले बालोदयलाई, डायमण्डले पोखरा आदर्शलाई पराजित गरेका छन्।

प्रतियोगिता अन्तर्गतनै बुधबार पहिलो दिन प्लस टु छात्रा बास्केटबलका पहिलो चरणका ८ खेलहरु सम्पन्न भएको बास्केटबल प्रतियोगिता संयोजक खिम गुरुङले बताएका छन्।

प्रतियोगिता अन्तर्गत केफले वेलननलाई ४०-० ले, पोखरा आदर्शले त्रिवेणीलाई २२-० ले, न्यू ग्यालेक्सीले मनकामनालाई १८-७ ले, ग्लोबलले सगरमाथालाई १८-४ ले, भाष्करले डायमण्डलाई ३५-२ ले, प्रतिभाले माउन्ट अन्नपूर्णलाई २८-४ ले, मेरी गोल्डले कास्की मोर्डनाइज्डलाई २२-१८ ले र जेसिएले सवलाइमलाई १४-८ को स्कोरले पराजित गरेका छन्।

शिक्षाको विकास संगै विद्यार्थीहरुलाई अतिरिक्त कृयाकलापमा अघि बढाउन स्पोर्टस मिटको आयोजना गरिएको हिसान कास्कीले जनाएको छ। स्पोर्टस मिट अन्तर्गत विद्यालय, कलेज र विश्वविद्यालयतर्फ गरी विभिन्न चार खेलका छुट्टा-छुट्टै प्रतिष्पर्धाहरु आयोजना हुनेछन्।

१५ औं हिसान स्पोर्टस मिटको पुष ७ गते गण्डकी प्रदेश सरकारका मुख्य मन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले उद्घाटन गर्ने कार्यक्रम तय भएको हिसान कास्कीका अध्यक्ष रोक्काले जानकारी दिए। १५ औं हिसान स्पोर्टस मिट सम्पन्न गर्न डा.रामजी शर्माको संयोजकत्वमा विभिन्न उपसमिति गठन गरिएको छ।

हरेक वर्ष आयोजना हुँदै आएको हिसान कास्की स्पोर्टस मिट अन्तर्गत छात्र-छात्रा बास्केटबल, भलिबल, व्याडमिन्टन र टेबुल टेनिसका प्रतिष्पर्धा हुने स्पोर्टस मिटका संयोजक डा.रामजी शर्माले जनाएका छन्। बास्केटबल छात्रतर्फ ४२ टिम र छात्रातर्फ २५ टिमको सहभागिता रहने छ भने भलिबल छात्रतर्फ ३४ टिम र छात्रातर्फ २२ टिमको सहभागिता रहने संयोजक शर्माले जानकारी दिए।

विश्वविद्यालयतर्फ बास्केटबल छात्रतर्फ ८ टिमको सहभागिता रहेको छ।

यसै गरी व्याडमिन्टन छात्र-छात्रातर्फ ३४ विद्यालयहरुको सहभागिता रहेको छ भने सिंगल्स र डब्ल्स गरी कुल १ सय ४१ प्रतिष्पर्धाहरु हुने हिसान कास्कीले जनाएको छ।

यस्तै टेबुल टेनिसतर्फ ३४ विद्यालयहरुको सहभागिता रहेको छ। टेबुल टेनिसतर्फ सिंगल्स र डब्ल्समा गरी १ सय ५० वटा प्रतिष्पर्धा हुने आयोजकले जनाएको छ।

पौष १० गते सम्म सञ्चालन हुने हिसान कास्की स्पोर्टस मिट सम्पन्न गर्न करिव १५ लाख खर्च हुने अनुमान गरिएको संयोजक शर्माले पोखरा स्पोर्टसलाई जानकारी दिए।

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) कास्कीमा विद्यालय, कलेज र विश्वविद्यालय गरी आवद्धता रहेका ६९ मध्ये ५१ शिक्षण संस्थाले स्पोर्टस मिटमा सहभागिता जनाएका छन्। स्पोर्टस मिटमा ८ हजार विद्यार्थीहरुको प्रत्यक्ष सहभागिता रहने हिसान स्पोर्टस मिट प्रचार प्रसार संयोजक डिल्लीराम अर्यालले जानकारी दिए।

# आहा रारा पोखरा गोल्ड कपमा अमेरीकाको एक टिम सहित १० टिम सहभागी हुने

पोखरापत्र संवाददाता
पोखरा, ६ पुस

गण्डकी प्रदेशकै प्रतिष्ठित आहा ! रारा पोखरा गोल्डकपमा यस बर्ष अमेरीकाको एक टिम सहित १० टिमको सहभागिता हुने भएको छ। यही पुष १४ गते देखि पोखरा रंगशालामा हुने २२ औं संस्करणको आहा ! रारा पोखरा गोल्डकपमा अमेरिकाको बिवाईएसस्सी सहित १० टिमको सहभागिता हुने भएको आयोजक सहारा क्लवले जनाएको छ।

क्लवले मंगलबार जारी गरेको प्रेस विज्ञेप्तिमा उल्लेख भए अनुसार प्रतियोगितामा नेपाल एपिएफ क्लब, मनाङ मर्स्याङ्दी, त्रिभुवन आर्मी फुटबल क्लब, चर्च ब्वाइज युनाइटेड फुटबल क्लब, मछिन्द्र, नेपाल प्रहरी फुटबल क्लब, संकटा, धरान फुटबल क्लब र आयोजक सहारा क्लब पोखरा सहभागि हुने भएको छ। गत वर्षको विजेता एपिएफ र उपविजेता मनाङ मस्याङ्दी क्लब हुन्। पुस २३ सम्म संचालन हुने प्रतियोगिताको पुरस्कार राशिमा समेत यस बर्ष वृद्धि गरिएको क्लवका अध्यक्ष हरिराम गुरुङ (सुरज) ले बताए।

सहारा क्लब पोखराले यसअघि पुस १२ देखि २३ सम्म प्रतियोगिता संचालन गर्ने भनी एन्फाबाट समय तालिका प्राप्त गरेकोमा १३ गते स्पेनको बी डिभिजनको क्लव संग मैत्रीपूर्ण खेल हुने कारण २ दिन पछि सरेको हो। त्यसैले यसअघि १२ टिम भनिएकोमा १० टिमको छिनोफानो भएको क्लब महासचिव रामजीप्रसाद अधिकारीले बताए।

प्रतियोगिताका बिजेताले यस बर्ष १२ लाख र उपविजेताले ६ लाख प्राप्त गर्ने छन्। प्रथम पुरस्कारमा २ र दोस्रोमा १ लाख वृद्धि गरिएको हो। २०५८ सालमा क्याराभान गोल्डकपलाई गणना गर्दै २२औं संस्करणबाट आहा ! रारा पोखरा गोल्डकप नामकरणमा प्रतियोगिता संचालन हुन लागेको हो। बचत रकम क्लबबाट संचालित सूर्यबहादुर केसी स्मृति सहारा फुटबल एकेडेमीमा खर्च गरिने क्लवले जनाएको छ। तेश्रो व्याचको एकेडेमीमा १३ जना बालक आश्रित रहेका छन्। यसैबिच सहारा क्लब हङकङले आहा रारा पोखरा गोल्ड कपलाई सफल पार्न ३ लाख सहयोग उपलब्ध गराउने भएको छ।

प्रतियोगिताबाट आम्दानी १ करोड ५९ लाख ५० हजार रुपैयाँ र खर्च १ करोड १३ लाख ५६ हजार रुपैयाँ अनुमान गरिएको छ। 'खेलकुदको विकासमा सहकार्य गरौं, पोखरालाई खेलकुद पर्यटन शहरको रुपमा स्थापित गरौं' उद्देश्यका मोफसलको चर्चित सहारा क्लब पोखराले संचालन गर्ने यो प्रतियोगितामा विगतमा झैं हिमश्री फुड्स प्रालिको उत्पादन आहा तथा रारा तयारी चाउचाउको मुख्य प्रायोजन छ।

उत्कृष्ट पाँच विधाको पुरस्कार सूर्यबहादुर केसी स्मृतिमा प्रदान गरिने जनाइएको छ। सहउपप्रायोजक मुल्बेरी इन्स्टिच्युट अफ हस्पिटालिटी र चरक मेमोरियल हस्पिटल प्रालि नागढुंगा, एजुकेसन पार्टनर हिमाश कन्सल्टेन्सी, अफिसियल बैंक लुम्बिनी विकास बैंक रहेको छ। त्यसै गरी अनलाइन टिकेटिंङ पार्टनर माई पे, अफिसियल स्पोर्ट्स वयर एक्स टेप, एयरसन ईन्टरन्यासनल् प्रालि इन्टरनेट पार्टनर, पब्लिक फोरके टेलिभिजन प्रत्यक्ष प्रसारण, अफिसियल एयर लाइन्स बुद्ध एयर, सर्वोत्कृष्ट राष्ट्रिय फुटबल खेलाडी पुरस्कार प्रायोजक सहारा क्लबका मानार्थ सदस्य खेम बहादुर गुरुङ, अफिसियल इन्सुरेन्स पार्टनर प्रभु इन्सुरेन्स प्रालि रहेको छ। त्यस्तै अफिसियल मल्टिप्लेक्स पार्टनर सिनेप्लेक्स, पोखरा फेयर प्ले पुरस्कार प्रायोजक रुपाकोट ज्योति सुनचाँदी पसल महेन्द्रपुल रहेको छ। त्यस्तै गरी मुग्लान रेस्टुरेन्ट एण्ड बार, एलजी टिभी, गोर्खाली अफ्सेट प्रेस, परिचय एड्भरटाइजिङ र जीएमसी मेडिकल कलेज, नयाँबजार र सहयोगी संस्था राष्ट्रिय खेलकुद परिषद, प्रदेश खेलकुद परिषद गण्डकी र अखिल नेपाल फुटबल संघ र क्षेत्रीय खेलकुद विकास समिति र कास्की जिल्ला खेलकुद विकास समिति र कास्की जिल्ला फुटबल संघ, सहारा क्लब युके हङकङ र अष्ट्रेलिया समेतको विशेष सहयोग हुने क्लवले जनाएको छ। उक्त प्रतियोगिताको पोखरामहानगरपालिकाप्रवर्द्धकको रुपमा रहेको छ।

# प्रतिनिधिसभाका ज्येष्ठ सदस्य पशुपतिशमशेर राणाद्वारा पदबहाली

रासस
काठमाडौं, ६ पुस

प्रतिनिधिसभाका ज्येष्ठ सदस्य पशुपति शमशेर जबराले आज सिंहदरबारस्थित संसद् सचिवालयमा गई पदबहाली गर्नुभएको छ।

ज्येष्ठ सदस्य राणाले बिहीबार प्रतिनिधिसभामा नवनिर्वाचित सांसदलाई शपथ ग्रहण गराउनुहुने कार्यक्रम छ। पदबहालीपछि सञ्चारकर्मीसँग कुरा गर्नुहुँदै उहाँले देशको भलोका लागि सन्तुलित रूपमा निष्पक्ष भएर काम गर्ने बताउनुभयो। बहुदलीय प्रजातान्त्रिक संसदीय शासन व्यवस्थालाई अघि बढाउन अभिभावकका रूपमा भूमिका निर्वाह गर्न लागिपर्ने ज्येष्ठ सदस्य राणाले जानकारी गराउनुभयो। उहाँले आजै शीतल निवासस्थित राष्ट्रपति कार्यालय पुगेर शपथ ग्रहण गर्नुभएको थियो। प्रतिनिधिसभा बैठक सुरु भएर सभामुखको निर्वाचन नभएसम्म उहाँले सभाको कारबाही अघि बढाउनुहुने छ। सभामुखको निर्वाचन भएपछि ज्येष्ठ सदस्यको अवधि समाप्त हुनेछ। ज्येष्ठ सदस्य राणाले बिहीबार अपराह्न १२ : ५ बजे कार्य व्यवस्था परामर्श समितिको बैठक बोलाउन महासचिव भरत गौतमले तयार पार्नुभएको प्रस्तावमा स्वीकृति दिएर आजैदेखि कार्य आरम्भ गर्नुभएको छ।

# दोस्रो...

समारोहमा पोखरा महानगरका प्रवक्ता मोतीलाल तिम्सिना,पोखरा २२ का वडा अध्यक्ष हिमलाल बराल, पोखरा २१ का वडा अध्यक्ष दीपक प्रसाद सुवेदी,पोखरा १५ का अध्यक्ष एवं जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष तोरण बहादुर बानिया, पोखरा १७ का वडा अध्यक्ष राधिका कुमारी शाही लगायतको सहभागिता रहेको थियो। यसैबिच, छैटौं संस्करणको टुर दी पोखरामा करिब १ हजार ५ सय जना साइक्लिस्टहरु सहभागि हुने भएका छन्। साइकल सिटी पोखराको आयोजनामा यही पुष ७ देखि ९ गते सम्म हुने टुर दी पोखरामा पोखरा बाहिरका करिब ४ सय जना साइकलिष्ट सहित १ हजार ५ सय जनाको सहभागिता हुने भएको टुर दी पोखराका संयोजक राजन गोङ्जुले बताए। टुर दी पोखरा अर्न्तगत फ्रान्समा हुने साइकल टुर कै झल्को दिने गरी विहिबार ७२ किलोमिटर दुरीमा बागलुङको कालिका मन्दिरबाट पोखराको विन्ध्यावासिनी मन्दिर जोड्ने गरी यात्रा हुने भएको संयोजक गोङ्जुले जनाए। उनका अनुसार उक्त यात्रामा करिब एक सय जना सहभागि हुदैछन्।

स्वास्थ्य, वातावरण र पर्यटनका लागि साइकल भन्ने नाराका साथ साइकल सिटीले टुर दी पोखरा कार्यक्रम हरेक वर्ष आयोजना गर्दै आएको छ। कार्यक्रममा देशका विभिन्न भागबाट साइकल यात्रीहरू सहभागी हुने भएको पोखरा साइकल सिटीका अध्यक्ष अभिषेक कोइरालाले बताए। पुष ९ गते पोखरामा करिब १९ किलोमिटर साइकल र्‍याली हुने भएको छ भने सोही दिनमै उक्तदान कार्यक्रम समेत हुने भएको साइकल सिटी पोखराका पूर्व अध्यक्ष प्रकाश बज्रचार्यले बताए। पोखराको प्रर्दशनी केन्द्रबाट सुरु भई उक्त र्‍याली पोखराका विभिन्न भाग परिक्रमा गरी प्रर्दशनी केन्द्रमै पुगेर समापन हुने भएको छ।

# ट्रेकिङ रुटहरुको प्रमोशन तथा प्रबर्द्धन गर्न पहल गर्छु: अध्यक्ष पन्थी

पोखरापत्र संवाददाता
पोखरा, ६ पुस

नेपालको पर्यटन प्रबर्द्धन गर्न ट्रेकिङ रुटहरुको प्रमोशन तथा प्रबर्द्धन गर्न बिषेश पहल गर्ने ट्रेकिङ्ग एजेन्सिज एसोसियसन अफ नेपाल (टान) गण्डकीका नवनिर्वाचित अध्यक्ष धर्मराज पन्थीले बताए।





विश्वकै चर्चीत अन्नपूर्ण पद मार्ग, अन्नपूर्ण वेस क्याम्प, मर्दी हिमाल मोडल ट्रेक, माछापुच्छ्रे मोडल ट्रेक, रोयल ट्रेक, पर्वत इको ट्रेक लगायतका पदमार्गको थप प्रमोशन तथा प्रबर्द्धन गर्ने उनले बताए। नयाँ पद मार्गको खोजिसंगैं पुराना पद मार्गको संरक्षण गर्नु अर्को चुनौती रहेको अध्यक्ष पन्थीको भनाई छ। धेरै पदमार्गहरु कच्ची सडकले धुलाम्मे भएकोले स्थानियको समन्वयमा त्यसको विकल्पको खोजि तथा उचित व्यबस्थापनमा लाग्ने उनले बताए।

यसैबिच, दक्ष पर्वतिय पर्यटनमा गर्बिलो ईतिहास बोकेको संस्था ट्रेकिङ्ग एजेन्सिज एसोसियेसन अफ नेपाल (टान) गन्डकीको हालै सम्पन्न भएको १७ औं अधिबेशन तथा २९ औं बार्षिक साधारण सभाबाट पन्थीको नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचित भएको हो। त्यस्तै संस्थाको प्रथम उपाध्यक्षमा कृष्ण प्रसाद आचार्य, द्वितीय उपाध्यक्षमा दिवस लामिछाने सचिवमा तिर्थराज सुबेदी, कोषाध्यक्षमा मोहन प्रसाद सुवेदी र सहसचिवमा गोपाल कृष्ण संग्रौला निर्वाचित भए। यस्तै कार्यसमितिको सदस्यहरुमा दिपकप्रसाद सापकोटा, माधबकुमार खनाल, प्रकाश पौडेल, भुपेन्द्र कुमार लामा, सुरज गुरुङ र बिश्वराज अधिकारी निर्वाचित भएका हुन्।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# देउवालाई फेरि देउवालाई फेरि कांग्रेसको नेतृत्वको नेतृत्व

नेपाली कांग्रेस संसदीय दलको नेतामा सभापति शेर बहादुर देउवा फराकिलो मतले निर्वाचित भएका छन।संस्थापन इतर समूहबाट उमेदवार बनेका महामन्त्री गगन कुमार थापा पराजित भए । देउवाले ६४ मत पाउँदा गगनले २५ मत प्राप्त गरे।प्रधानमन्त्री रहेका सभापति देउवा विरुद्ध उमेदवारी दिएका गगनको पक्षमा सामाजिक संजालमा पुस्तान्तरण हुने अनुमान गरिएको थियो । कांग्रेस भन्दा बाहिरका युवाहरूले गगनको आँटलाई जितको रुपमा उल्लेख गरेका थिए ।बामपंथी बृतमा नयाँ पुस्ताको उदय देखि आफ्नै पार्टीमा पनि नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको लागि दबाब दिनुपर्ने आवाज उठेका थिए । कांग्रेस भित्र देउवाले सहजै जित्ने प्रचार गरिएको थियो ।सामाजिक संजालमा गरिएको जस्तो प्रचारले कांग्रेसी बृतलाई छुने रहेनछ भन्ने मत परिणामले देखाएको छ ।

संसदीय दलको चुनावमा पराजित भए पनि गगनले राजनीतिक माहोल भने जितेका छन् । शेरबहादुर देउवालाई चुनौती दिनेगरी भएको गगनको उम्मेदवारीलाई लिएर दुई दिन सामाजिक सञ्जाल तातेका थिए । संसदीय दलको चुनावमा देउवासँग गगन फराकिलो मतान्तरले पराजित मात्र भएनन् संस्थापनइतर समूहमा रहेका ३२ सांसद सबैको विश्वास जित्न सकेनन् । संसदीय दलको चुनावमा आफ्नो पराजयलाई गगनले पाँच वर्षअघि पार्टीको महाधिवेशनमा महामन्त्रीमा भएको पराजयसँग तुलना गरेका छन् । कांग्रेसीहरु शुरुमा विश्वास नगर्ने तर निरन्तर लडिरहे जिताउने परंपरा छ ।

'पाँच वर्षअघि महामन्त्री लड्दा ५ सय हाराहारी मत पाएका गगनले कांग्रेसमा सुधारको एजेन्डा उठाइराख्दा पाँच वर्षपछि झण्डै ३ हजार भोट पाए,' संसदीय दलको चुनावमा पराजय ब्यहोरेपछि गगनले भने, 'मलाई विश्वास नगर्ने सांसदको पनि विश्वास जितेर फेरि संसदीय दलको चुनाव जित्छु ।' संसदीय दलको नेतामा पराजित भए पनि गगनले आफ्नो एजेन्डा स्थापित गरेका छन् । प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवारी दिएको दिनदेखि नै उनले संसदीय दलको नेतामा प्रतिस्पर्धा गरेर देशको नेतृत्व गर्ने बताएका थिए ।

'संसदीय दलको नेताका लागि लड्छु भनेर चुनावमा वाचा गरेको थिए मतदातासँग गरेको त्यो वाचा पूरा गरेका छन ।' संसदीय दलको चुनावमा २५ भोट पाएपछिको प्रतिक्रियामा गगनले भनेका छन्, 'मेरो उम्मेदवारीको औचित्य पुष्टि गर्न थाक्दिनँ, निरन्तर लागि पर्छु र बाँकी सांसदहरूको पनि मन जित्छु ।' पार्टीमा सुधार गर्ने गगनको एजेन्डा आगामी दिनमा अझ सशक्त रूपमा उठ्नेछाकांग्रेसको नेतृत्वका दाबेदारको रूपमा रहेका गगन-विश्वप्रकाश र प्रदीप पौडेलको अहिलेको एकता कायम रहेमा कांग्रेसभित्र यो शक्तिलाई उपेक्षा गर्न देउवाले सक्ने छैनन् । संसदीय दलको चुनावमा विश्वप्रकाश समेत आफूहरूको कित्तामा आएपछि शेखर-गगन समूहको राजनीतिक ताकत बढेको छ ।

संसदीय दलको नेतामा पराजित हुँदै गर्दा पार्टी महामन्त्रीको हैसियतमा गगनले देउवालाई एउटा चुनौती दिएका छन्, सत्ता साझेदारीको नाममा बन्द कोठामा हुने सहमति मान्य हुँदैन । पार्टीको निर्णय पारदर्शी हुनुपर्ने उनीहरूको आवाजलाई संस्थापन पक्षले कुल्चन सक्ने अवस्था छैन । यसर्थ संसदीय दलको चुनावमा पराजित भए पनि राजनीतिक रूपमा भने गगन हारेका छैनन्।पार्टी भित्रको प्रतिपक्षी बन्नेले अर्को पटक चुनाव जित्ने परंपरा छाहेस नखाई लागेमा पार्टी र देशको नेतृत्व गर्ने ठाउँमा पुगिन्छ भन्ने उदाहरण देउवा हुन।देउवाबाट सिक्ने भनेको हरेस नखाई लडिरहने हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : मन चञ्चल |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# विद्यालयको छाना कमजोर हालेपछि अख्तियारमा उजुरी

पोखरापत्र संवाददाता
बलेवा, ६ पुस

भ्रष्टाचारविरुद्ध नागरिक निगरानी संस्थाले विद्यालयको छानामा कमजोर सामग्री प्रयोग गरेको आरोपमा भ्रष्टाचार भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी गरेको छ ।

बागलुङ नगरपालिका-७ को गौरीशङ्कर प्राविमा छाना छाउने क्रममा कमजोर गुणस्तरको सामग्री प्रयोग भएको तथ्य विद्यालय व्यवस्थापन समिति र सरोकारवाला सङ्घसंस्थाले गरेको अनुगमनबाट पत्ता लागेको बताइएको छ । यसपछि सो संस्था र स्थानीयवासीले अख्तियारमा उजुरी गरेका हुन् । भवन निर्माणमा लगानी गरेको संस्थाका प्रमुख मतिलाल चपाई र निर्माण सामग्री सप्लायर्स गर्ने लुम्बिनी इन्जिनियरिङ वर्कसपविरुद्ध उजुरी गरिएको संस्थाका अध्यक्ष तथा राष्ट्रिय उपभोक्ता मञ्च बागलुङका अध्यक्ष शैलेन्द्रकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

उजुरी दर्ता गर्दा श्रेष्ठले छानामा परेको प्वाल, सोसम्बन्धी सञ्चारमाध्यममा प्रकाशित समाचारकपी र अन्य कागजातसमेत संलग्न गर्नुभएको छ । गत साउनमा उक्त विद्यालयमा भ्वाङ परेको समाचार प्रकाशित थियो । यो भवन राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको शिक्षा शाखाले बनाएको हो । यो भवनमा युपिभिसी जस्तापाताले छाना छाइएको छ । छानामा प्वालैप्वाल परेकाले विद्यार्थी राखेर पढाउनसमेत नसकी बर्सातमा बालबालिकालाई एकै स्थानमा दुईदुईवटा कक्षा सञ्चालन गर्नुपरेको थियो । सप्लायर्स कम्पनीले गुणस्तरहीन सामग्री प्रयोग गरेको आरोप लगाइएको छ । उजुरीमा शिक्षा शाखाका तत्कालीन प्रमुख मतिलाल चपाई र सप्लायर्स कम्पनी लुम्बिनी इन्जिनियरिङ वर्कसलाई दोषी बनाइएको हो ।

विद्यालय व्यवस्थापन समितिलाई दबाबमा पारेर आयोजना र कम्पनीले गुणस्तरहीन सामग्री प्रयोग गरेका थिए । विद्यालयको दुईकोठे भवनको छानामा गुणस्तरहीन जस्तापाता प्रयोग गर्दा सयौँ भ्वाङ परेको थियो । विद्यालयको छानामा सयौँ प्वालहरू परेको अनुगमनबाट पनि पुष्टि भएको बागलुङ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सापकोटाले बताउनुभयो । विद्यालयमा बिजोग भएको देखेपछि मर्मतका लागि नगरपालिकाले सहयोग गर्ने तयारी भएको सापकोटाले जानकारी दिनुभयो । असिना पर्दा गत वर्षको चैतवैशाखमा यो विद्यालयमा भ्वाङ परेको वडा अध्यक्ष मेघनाथ गैरेले बताउनुभयो । पानी पर्दासमेत ती भ्वाङ थपिँदै गएको स्थानीयले बताउनुभयो । भवनमा प्वाल परेपछि वडाअध्यक्ष गैरेले विद्यालयको अवस्था अनुगमन गरेर पुनःनिर्माण गर्न नगरपालिकामा बजेट माग गरेको बताउनुभयो ।

पुनःनिर्माण प्राधिकरणमार्फत जिल्लामा पुनःनिर्माण गरिएका विद्यालयको परियोजना हेर्ने शिक्षा शाखाका तत्कालीन प्रमुख मतिलाल चपाई र सब इन्जिनियर नजाम उद्दिनले लुम्बिनी इन्जिनियरिङ वर्कशपबाट सामान ल्याउन दबाब दिएपछि गुणस्तरहीन सामान आएको थियो । सोही दबाबकै कारण बागलुङका सप्लायर्सले सात लाखमा सामान विद्यालयमै लगिदिने भन्दाभन्दै विद्यालयले बुटवलस्थित लुम्बिनी इन्जिनियरिङ वर्कशपबाट रु १० लाख ५० हजारमा सामान ल्याउन बाध्य बनाएको उजुरीमा उल्लेख छ । विद्यालयकी प्रअ सरिता गौतमले पनि दबाबका कारण उनीहरूले भनेको सप्लायर्सबाट सामान ल्याउन बाध्य भएको बताउनुभएको छ ।

# सीप बन्यो जीउने आधार

पोखरापत्र संवाददाता
म्याग्दी, ६ पुस

म्याग्दीको धवलागिरि गाउँपालिका- १ गुर्जाका धनबहादुर विक र टेकबहादुर विकको परिवार कामको खोजीमा बेनी झरेको तीन वर्ष बित्यो । अहिले यी दुई विक परिवार बेनी नगरपालिका- वडा नं २ बगरफाँटमा जग्गा भाडामा लिएर टहरो बनाइ डोको बुनेर त्यसबाट आएको पैसाले गुजारा चलाउँदै आएका छन् ।

एकहत्तर वर्षीय धनबहादुर आफू जान्ने भएदेखि अहिलेसम्मको उमेर डोको बुनेरै जीवन बिताउनुभयो । जीवनका अनेकौँ घामपानी भोगेका उहाँ अहिले डाँडामाथिको घाम जस्तै कति बेला अस्ताउने हो पत्तै छैन तर, उहाँको जागर र जोस भने १६-१७ वर्षे लक्का जवानको जस्तो देखिन्छ । घरको पिँढीमा बसेर नातिनातिनी खेलाउँदै छोरा बुहारीको कमाइ खाने बेलामा चोयाँसँग खेल्दै डोका बुन्न व्यस्त उहाँ डोको बुन्ने सीप नै आफ्नो बुढेसकालको सहारा भएको बताउनुहुन्छ । "के गर्नु हजुर ! छोरा बुहारीले हेरेनन्, सम्पत्ति छैन,बसेर खान पुग्दैन,त्यसैले यो उमेरमा पनि डोको बुनेर गुजारा चलाउन बाध्य छु ।" त्यस्तै अवस्था छ सोही ठाउँमा डोको बुन्दै गर्नुभएका ६९ वर्षीय टेकबहादुर विकको पनि । उहाँले १२ वर्षको उमेरमा डोको बुन्न सिकेको सीप नै जीवन जिउने आधार बनेको बताउनुहुन्छ ।

देशमा भएको राजनीतिक परिवर्तनले विकद्धयको जीवनमा कुनै परिवर्तन ल्याउन नसकेको उहाँहरूको भनाइ छ । उहाँहरूले डोको बुन्ने सीप नै आफ्ना लागि मुख्य आधार भएको बताउनुभयो । टेकबहादुरले एक डोको रु तीन सयदेखि पाँचसय सम्ममा बिक्री गर्दै आउनुभएको छ । "अहिले पहिलेको जस्तो डोकाको बिक्री छैन, पहिला घरमै ग्राहक खोज्न आउँथे, अहिले डोको बेच्न भारी नै बोकेर गाउँगाउँ चाहानुपर्छ" उहाँले भन्नुभयो । उहाँले आफ्नो हातमा सीप र काम गर्नसक्ने अवस्था रहुञ्जेलसम्म ढोको बुनेर नै जीविका चलाउने बताउनुभयो ।

"अहिलेसम्म यसैबाट जीविका चलाएको छु, अब कति नै बाँचुला र ? बाँचुन्जेलसम्म जीउ सञ्चै भयो भने डोको बुनेर नै गुजारा चलाउँछु" टेकबहादुरले भन्नुभयो । हातमा सीप छ, घामपानीमा निस्कन नपर्ने, बुढेसकालमा दिन बिताउने बाटो पनि यही डोको बुन्ने पेसा नै बनेको विकको भनाइ छ । डोको बुनेर आएको पैसाले दैनिक घरखर्च चलाउने र आफ्नी श्रीमतीको औषधि उपचारमा खर्च गर्ने गरेको उहाँले बताउनुभयो ।


## पासपोर्ट हरायो

यहि मिति २०७९/०८/०४ गते बसपार्कबाट महेन्द्रपुल जाँदै गर्दा मेरो नाममा रहेको निम्न विवरणको पासपोर्ट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा बुझाईदिनु हुन अनुरोध गर्दछु ।

नाम : उजेली विक
पासपोर्ट नं.: ०५५३९८२१
ठेगानाः पोखरा-९, कास्की
सम्पर्क नं. ९८२६११७५५६


# १५ औं हिसान स्पोर्टस मिट अन्तर्गत भलिबल र बास्केटबलका खेल सुरु

पोखरापत्र संवाददाता
पोखरा, ६ पुस

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) कास्कीको आयोजनामा पोखरामा १५ औं संस्करणको हिसान स्पोर्टस मिट अनौपचारिक रुपमा बुधबारबाट सुरु भएको छ ।

स्पोर्टस मिट अन्तर्गत पोखरा रंगशालामा आजबाट छात्र-छात्रा भलिबल र बास्केटबलका खेलहरु सुरु भएको हिसान कास्कीका अध्यक्ष याम बहादुर रोक्काले जानकारी दिएका हुन् । प्रतियोगिता अन्तर्गत छात्र भलिबल प्लस टु लेभलतर्फ तर्फ पहिलो दिन ९ र छात्रातर्फ ८ खेल सम्पन्न भएको भलिबल खेलका संयोजक किरण सापकोटाले जनाएका छन् । प्लस टु छात्र भलिबलमा ग्लोबलले साइनिङ स्टारलाई, सबलाइमले न्यू लाइटलाई, सिर्जनाले पोखरा आदर्शलाई, सगरमाथाले जुनियर सिटिजन एकेडेमीलाई, डायमण्डले शिशुनिकेतनलाई सोभो २-० सेटमा पराजित गरेका छन् । त्यसै गरी हार्वर्डले पिकेजीलाई, भाष्करले रत्नज्योतीलाई पश्चिमाञ्चलले मदरल्याण्डलाई, न्यू मोडलले गुरुकुललाई यूनिभर्सले लिटिल फ्लावरलाई पराजित गर्न सफल भएको संयोजक सापकोटाले जानकारी दिए । यसै गरी प्लस टु छात्रातर्फ माउन्ट अन्नपूर्णले यूनिभर्सलाई, रत्नज्योतीले लिटिल स्टेपलाई, त्रिवेणीले बालोदयलाई, डायमण्डले पोखरा आदर्शलाई पराजित गरेका छन् । प्रतियोगिता अन्तर्गतनै बुधबार पहिलो दिन प्लस टु छात्रा बास्केटबलका पहिलो चरणका ८ खेलहरु सम्पन्न भएको बास्केटबल प्रतियोगिता संयोजक खिम गुरुङले बताएका छन् ।

प्रतियोगिता अन्तर्गत केफले वेलननलाई ४०-० ले, पोखरा आदर्शले त्रिवेणीलाई २२-० ले, न्यू ग्यालेक्सीले मनकामनालाई १८-७ ले, ग्लोबलले सगरमाथालाई १८-४ ले, भाष्करले डायमण्डलाई ३५-२ ले, प्रतिभाले माउण्ट अन्नपूर्णलाई २८-४ ले, मेरी गोल्डले कास्की मोर्डनाइज्डलाई २२-१८ ले र जेसिएले सवलाइमलाई १४-८ को स्कोरले पराजित गरेका छन् ।

शिक्षाको विकास सँगै विद्यार्थीहरुलाई अतिरिक्त कृयाकलापमा अघि बढाउन स्पोर्टस मिटको आयोजना गरिएको हिसान कास्कीले जनाएको छ । स्पोर्टस मिट अन्तर्गत विद्यालय, कलेज र विश्वविद्यालयतर्फ गरी विभिन्न चार खेलका छुट्टा-छुट्टै प्रतिष्पर्धाहरु आयोजना हुनेछन् ।

१५ औं हिसान स्पोर्टस मिटको पुष ७ गते गण्डकी प्रदेश सरकारका मुख्य मन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले उद्घाटन गर्ने कार्यक्रम तय भएको हिसान कास्कीका अध्यक्ष रोक्काले जानकारी दिए । १५ औं हिसान स्पोर्टस मिट सम्पन्न गर्न डा.रामजी शर्माको संयोजकत्वमा विभिन्न उपसमिति गठन गरिएको छ । हरेक वर्ष आयोजना हुँदै आएको हिसान कास्की स्पोर्टस मिट अन्तर्गत छात्र-छात्रा बास्केटबल, भलिबल, ब्याडमिन्टन र टेबुल टेनिसका प्रतिष्पर्धा हुने स्पोर्टस मिटका संयोजक डा.रामजी शर्माले जनाएका छन् । बास्केटबल छात्रतर्फ ४२ टिम र छात्रातर्फ २५ टिमको सहभागिता रहने छ भने भलिबल छात्रतर्फ ३४ टिम र छात्रातर्फ २२ टिमको सहभागिता रहने संयोजक शर्माले जानकारी दिए । विश्वविद्यालयतर्फ बास्केटबल छात्रतर्फ ८ टिमको सहभागिता रहेको छ । यसै गरी ब्याडमिन्टन छात्र-छात्रातर्फ ३४ विद्यालयहरुको सहभागिता रहेको छ भने सिंगल्स र डब्ल्स गरी कुल १ सय ४१ प्रतिष्पर्धाहरु हुने हिसान कास्कीले जनाएको छ । यस्तै टेबुल टेनिसतर्फ ३४ विद्यालयहरुको सहभागिता रहेको छ । टेबुल टेनिसतर्फ सिंगल्स र डब्ल्समा गरी १ सय ५० वटा प्रतिष्पर्धा हुने आयोजकले जनाएको छ ।

पौष १० गते सम्म सञ्चालन हुने हिसान कास्की स्पोर्टस मिट सम्पन्न गर्न करिव १५ लाख खर्च हुने अनुमान गरिएको संयोजक शर्माले पोखरा स्पोर्टसलाई जानकारी दिए । उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) कास्कीमा विद्यालय, कलेज र विश्वविद्यालय गरी आवद्धता रहेका ६९ मध्ये ५१ शिक्षण संस्थाले स्पोर्टस मिटमा सहभागिता जनाएका छन् । स्पोर्टस मिटमा ८ हजार विद्यार्थीहरुको प्रत्यक्ष सहभागिता रहने हिसान स्पोर्टस मिट प्रचार प्रसार संयोजक डिल्लीराम अर्यालले जानकारी दिए ।

# स्ववियु निर्वाचनबारे त्रिविले थाल्यो छलफल

रासस
काठमाडौं, ६ पुस

त्रिभुवन विश्वविद्यालयले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनका सम्बन्धमा छलफल सुरु गरेको छ ।

आगामी फागुन महिनामा स्ववियु निर्वाचन गर्ने गरी छलफल सुरु गरेको त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले जानकारी दिनुभयो ।

बुधबार त्रिविका उपकुलपति धर्मकान्त बाँस्कोटाको अध्यक्षतामा शिक्षाध्यक्ष डा शिवलाल भुसाल, रजिष्ट्रार डा पेशल दाहालसहित विभिन्न सङ्कायका डीन र परीक्षा नियन्त्रकसँग स्ववियु निर्वाचनका सम्बन्धमा छलफल भएको हो ।

खेलकुद निर्देशनालयका निर्देशक अधिकारीले छलफलमा स्नातक र स्नातकोत्तर तह प्रथम वर्षको भर्ना निर्वाचन अघिसक्ने र स्नातक तेस्रो तथा चौथो वर्षको नतिजा प्रकाशन र निर्वाचनलाई असर पार्ने गरी कुनै पनि परीक्षा तालिका सार्वजनिक नगर्ने भएको बताउनुभयो ।

छलफलमा विभिन्न सङ्काय र संस्थानका डीनहरू, कार्यकारी निर्देशक, परीक्षा नियन्त्रकको उपस्थिति थियो । 'स्ववियु निर्वाचनको सम्बन्धमा हामीबीच सहमति भएको छ', उहाँले भन्नुभयो, 'अब विद्यार्थी सङ्गठनसँग छलफल गरेर मिति सार्वजनिक गर्दछौँ ।' आजको बैठकको समझदारीअनुसार यही पुस ११ गते (सोमबार) सम्पूर्ण विद्यार्थी सङ्गठनका केन्द्रीय अध्यक्षसहितको बैठक बोलाइएको उहाँले जानकारी दिनुभयो ।

विद्यार्थीसँगको छलफल गरेर विद्यार्थी कल्याण निर्देशनालयमा मिति पेश गर्ने र निर्देशनालयले त्रिवि कार्यकारी परिषद्मा मिति सिफारिस गर्नेछ । त्यसपछि त्रिवि कार्यकारी परिषद्ले मिति घोषणा गर्ने उहाँले बताउनुभयो । त्रिवि क्याम्पसमा विगत एक दशकदेखि स्ववियु निर्वाचन हुनसकेको छैन ।

प्रत्येक दुई/दुई वर्षमा हुने निर्वाचन २०६५ सालयता नियमित हुन सकेको छैन । विसं २०६५ चैत ६ गतेपछि एकै पटक आठ वर्षमा २०७३ चैत १५ गते भएको थियो । त्यतिबेला देशभरि त्रिविका ६२ आङ्गिक क्याम्पसमध्ये रत्नराज्य क्याम्पस (आरआर), जनप्रशासन क्याम्पससहित उपत्यकामा नौ वटा आङ्गिक र उपत्यका बाहिर १७ क्याम्पसमा मात्र स्ववियु निर्वाचन भएको थियो । यस्तै उपत्यकाका १३ क्याम्पस र उपत्यका बाहिर २३ वटा आङ्गिक क्याम्पसमा निर्वाचन हुन सकेको थिएन । त्रिविमा ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पस रहेका छन् ।

# चरा संरक्षणका लागि सौराहामा राष्ट्रिय कार्यशाला

रासस
काठमाडौं, ६ पुस

चितवनको सौराहामा चराविद् र संरक्षणकर्मीहरूको राष्ट्रिय कार्यशाला सुरु भएको छ ।

चरा संरक्षणका लागि भएका प्रयास र भावी कार्ययोजनाका विषयमा छलफल गर्न छैटौं राष्ट्रिय कार्यशाला मङ्गलबारदेखि सौराहामा सुरु भएको हो । कार्यशालामा देशभरका ६० चराविद् र संरक्षणकर्मीको सहभागिता छ । तीन दिन सञ्चालन हुने कार्यशालामा नेपालमा चराको अवस्था तथा सम्भावनाको अध्ययन गरिने बर्ड एजुकेसन सोसाइटी चितवनका पूर्वअध्यक्ष वासु विडारीले जानकारी दिनुभयो । उहाँका अनुसार कार्यशालाबाट आगामी योजना र कार्यदिशासमेत तय गरिनेछ । बर्ड एजुकेसन सोसाइटी चितवनको व्यवस्थापनमा नेपाल पन्छी संरक्षण सङ्घले आयोजना गरेको कार्यशालामा सङ्कटमा परेका प्रजातिको संरक्षणका लागि गर्नुपर्ने प्रयास र नीतिगत व्यवस्थाका विषयमा समेत छलफल हुनेछ । नेपालमा एक सय ६६ प्रजातिका चरा सङ्कटापन्न अवस्थामा रहेको पन्छी संरक्षण सङ्घकी प्रमुख कार्यकारी अधिकृत इशाना थापाले जानकारी दिनुभयो । कार्यशाला चरा लोप हुनाका कारण, संरक्षणका लागि भएका प्रयास लगायतका विषयमा कार्यपत्र प्रस्तुत गरिने उहाँले बताउनुभयो । बर्ड एजुकेसन सोसाइटी र चरा संरक्षणकर्मीले अनुभव आदानप्रदान तथा अवार्ड प्राप्त सोसाइटी र स्थानीय संरक्षण सहयोगी संस्थाले कार्यशालामा कार्यगत विवरण प्रस्तुत गर्नेछन् । कार्यक्रमका चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्यले चराको बासस्थानमा मानवीय अतिक्रमणका कारण चरा जोगाउन मुस्किल भएको बताउनुभयो ।

# पुष २७ देखि माघ ९ गतेसम्म पोखरा अमरसिंह चौरमा एघारौं पोखरा महोत्सव

पोखरापत्र संवाददाता
पोखरा, ६ पुस

एघारौं संस्करणको पोखरा महोत्सवको तयारी तीब्र पारिएको छ । आगामी पुषको २७ देखि माघको ९ गते सम्म पोखराको अमरसिंह चौरमा आयोजना हुने एघारौं संस्करणको पोखरा महोत्सवको तयारी तीब्र पारिएको आयोजक युनाईटेड क्लवले पत्रकार सम्मेलन मार्फत जानकारी दिएको हो । स्थापना कालदेखी युनाईटेड क्लवले पोखराको अमरसिंह चौरमा पोखरा महोत्सवको आयोजना गरी शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन प्रवर्द्धन र सेती नदी संरक्षणको क्षेत्रमा कार्य गर्दै आइरहेको छ ।

महोत्सवकै आम्दानीबाट युनाईटेड क्लवले एघारौं पोखरा महोत्सवको संघारमा आइपुग्दा गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई शिक्षाबाट बञ्चित नहोस भन्ने उद्देश्यले १२ वटा सामुदायिक विद्यालयहरुमा छात्रबृत्ति कोष स्थापना गरिएको क्लवका अध्यक्ष राजु श्रेष्ठले वताए । त्यस्तै आर्थिक अभाव भई स्वास्थ्य लाभ लिन नसकेका तथा ग्रामीण क्षेत्रलाई लक्षित गरी विभिन्न दुरदराजका गाउहरुमा स्वास्थ्य शिविर, युवाहरुलाई कुलतबाट फस्नबाट रोक्नका लागि खेलकुदको माध्यमबाट सवल र सक्षम नागरिक बनाउनको लागि युनाईटेड क्लवले खेलकुदका कार्यक्रमहरु आयोजना गर्नुका साथै विभिन्न संघ संस्थाहरुले आयोजना गर्ने राष्ट्रिय तथा स्थानिय खेलकुद प्रतियोगिताहमा प्रायोजक, प्रवर्द्धक तथा सहयोगी संस्थाको रुपमा रही टेवा पुऱ्याउदै आइरहेको समेत अध्यक्ष श्रेष्ठले वताए । क्लवले स्थापना कालदेखीनै उठाउदै आएको पोखरामा मानवनिर्मित खुल्ला चिडियाखाना निर्माणको कामले यतिवेला तीब्रता लिइरहेको वताउदै श्रेष्ठले हाल सम्म युनाईटेड क्लवले चिडियाखाना निर्माणका लागि ५८ लाख ८५ हजार रुपैया नगद प्रदान गरिसकिएको वताए । क्लवलको पहलकदमीमा तत्कालिन पश्चिमाञ्चल विकाश क्षेत्रका क्षेत्रिय निर्देशक दिनेश कुमार थपलियाले पोखरालाई २० उत्कृष्ट गन्त्ब्य निर्माण गर्ने उद्देश्यभित्र चिडियाखाना पनि रहेको २० काम



मध्ये चिडियाखाना निर्माणलाई प्राथमिकतामा राखिएको थियो । सोही अनुरुप पोखरा महानगरपालिकाको ३०, ३१ र ३२ मा रहेको पचभैया, चापापानी चिसाकुना र चैनपुर सामुदायिक बन क्षेत्रको १ सय ३४ हेक्टर जमिनमा २०७२ साल साउन १५ गते सिलान्यास भइ पशुपंक्षी उद्धार केन्द्र हुदै हाल चिडियाखाना गण्डकी पदेश सरकारले प्रदेशको गौरवको योजनामा राखी जिल्ला बन डिभिजन कार्यालय मार्फत निर्माणको कार्य अगाडि वढिरहेको क्लवका अध्यक्ष श्रेष्ठले वताए ।

एघारौं पोखरा महोत्सवबाट चिडियाखानाको ठाउमा सेती नदी एक सहशीक पर्यटकीय गन्तब्य निर्माणका लागी केही रकम छुट्याइने अध्यक्ष श्रेष्ठले वताए । प्रत्येक महोत्सवमा प्रति टिकटबाट एक रुपैया सेती नदी संरक्षण अभियानलाई छुट्याइने समेत श्रेष्ठले जानकारी दिए ।

एघारौं पोखरा महोत्सवको मुख्य प्रायोजकमा रवि एण्ड सन्नी इन्डष्ट्रीज प्रा.लि.को बेटर होम एप्लायन्स, सह प्रायोजकमा रारा तयारी चाउचाउ, पप कन्सर्ट प्रायोजक युनाईटेड युथ सर्कल यु.एस,ए,प्रायोजकहरुमा योकोहामा जापानिज ल्याङ्ग्वेज एण्ड ट्रेनिङ कन्सल्नेन्सी, स्काई लिंक टेक्नोलोजी, ड्रीमल्याण्ड फनपार्क, सिजी हार्डवेयर एण्ड सप्लायर्स, अफिसियल बैंकमा ग्रीन डेभलपमेन्ट बैंक, अफिसियल पानीमा एक्वा रिउस प्रोसेस पानी, अफिसियल इन्टरनेटमा वर्ल्डलिंक कम्युनिकेशन प्रा लि, अफिसियल इन्सुरेन्समा सगरमाथा इन्सुरेन्स, प्रवर्द्धकमा नेपाल पर्यटन वोर्ड, विशेष सहयोगी संस्थामा पोखरा महानगरपालिका, सहयोगी संस्थाहरुमा अमरसिंह मा.वि., युथ कम्युनिटी क्लव, मिडियापार्टनर हरुमा एबीसि न्युज टेलिभिजन, फेवा टेलिभिजन, समाधान राष्ट्रिय दैनिक, एभरेष्ट एफएम ९३ मेघाहर्ज, रहेको र अन्य प्रायोजकहरुको खोजीमा रहेको महोत्सव प्रचारप्रसार संयोजक दिनेश सुनारले जानकारी दिए । महोत्सवमा अपाङ्ग, वृद्धवृद्धा, एकल महिला, विदेशी पर्यटक, पत्रकार,सुरक्षा निकायका सुरक्षाकर्मीहरुलाई (पोषाक अनिवार्य) वनका कार्मचारीलाई निःशुल्क प्रवेश गराईनेछ । साथै पर्यटन प्रर्वद्धन, पर्यटकीय स्थानको जानकारी दिने स्टललाई निःशुल्क स्टल उपलब्ध गराइने समेत प्रचार प्रसार संयोजक सुनारले वताए । त्यस्तै कृषि तथा हस्तकलाका स्टलहरुलाई विशेष छुट प्रदान गरिने भएको छ । १३ दिन सम्म सञ्चालन हुने महोत्सवमा २ सय ५८ स्टल रहेको र सम्पूर्ण स्टलहरु बुकिङ भइसकेका छन । महोत्सवमा २ देखी २ लाख ५० हजार दर्शक आउने अनुमान गरिएको छ । महोत्सवले देशको कला, संस्कृति, भेषभुषाको संरक्षण, शिक्षा, स्वास्थ्य, खेलकुद तथा पर्यटनको विकास गरी देशलाई समृद्धि तिर पुऱ्याउनु, विकसित सुचना प्रविधिको जानकारी सर्वसाधारण समक्ष पुऱ्याउने, गण्डकी प्रदेशमा रहेका पर्यटकीय स्थानको बारेमा जानकारी दिदै आन्तरिक तथा बाह्य क्षेत्रमा उत्पादित वस्तुहरुको बजार सहजीकरण गराउने, सवै कलाकार हरुको प्रतिभा प्रस्फुटनमा सहयोग पुऱ्याउने, आर्थिक चलायमान गराई रोजगार सिर्जना गराउने, क्षेत्रगत बिकासमा टेवा पुऱ्याउने र उद्योगको प्रवर्द्धन गर्ने उद्देश्य लिएको प्रचार प्रसार संयोजक दिनेश सुनारले वताए ।

महोत्सवमा विभिन्न जाति, जनजातिका कला संस्कृतिको प्रदर्शनी, औधोगिक उत्पादनको प्रदर्शनी एवं बिक्री, हस्तकला सामानहरुको प्रदर्शनी एवं बिक्री, सूचना प्रविधीहरुको प्रदर्शनी एवं जानकारी, ब्यवशायीक संघ संस्थाहरुको सेवा बारे जानकारी, स्थानिय, राष्ट्रिय तथा अन्तराष्ट्रिय उपभोग्य बस्तुहरुको प्रदर्शनी तथा उचित मुल्यमा बिक्री वितरण , पर्यटन प्रवर्द्धनका सामाग्रीहरुको प्रदर्शनी एवं जानकारी, पोखरा लगायत विभिन्न पर्यटकीय स्थलहरुको जानकारी, सामाजिक संस्थाहरुको परिचयन एवं जानकारी, नेपाली संस्कृति झल्कने नृत्य प्रस्तुती संगै कृषिका गतिविधीहरु सञ्चालन हुनेछन ।

महोत्सवको आकर्षणको रुपमा राष्ट्रिय स्तरका कलाकारहरुद्धारा दोहोरी गीत प्रस्तुती, राष्ट्रिय तथा अन्तराष्ट्रिय ब्याण्डहरुको लाइभ कन्सर्ट, हांस्य ब्यङ्ग्य प्रस्तुती, उत्कृष्ट स्टललाई पुरस्कार, नेपाली संस्कृति झल्कने प्रस्तुती, चमेना गृहको ब्यवस्था, बाल उद्यान, प्रदेश स्तरिय लोक दोहोरी गीत प्रतियोगिता, झांकी प्रतियोगिता लगायत विभिन्न मनोरञ्जनात्मक कार्यक्रमहरु रहने समेत प्रचार प्रसार संयोजक सुनारले जानकारी दिए ।

महोत्सवमा शौचालयको ब्यवस्था, निशुल्क वाइफाइको ब्यवस्था, अग्नि, चट्याङ, भुकम्प, हुरीबतास, हुलदंगा बिमाको ब्यवस्था, प्राथमिक स्वास्थ्य सेवा तथा एम्बुलेन्सको ब्यवस्था, पार्किङको उचित ब्यवस्था र प्रत्येक स्टललाई एक थान टेवल र दुई थान कुर्चीको ब्यवस्था गरिएको छ । सो अवसरमा नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष बिमला भण्डारीले महोत्सवको सफलताको कामना गर्दै सुरक्षालाई विशेष ध्यान दिन आग्रह गरिन । उनले महोत्सवकै आयोजना गरी सामाजिक काममा लागेर पोखराकै अब्बल संस्था बन्न पुगेको उनको भनाइ रहेको थियो । पत्रकार सम्मेलनमा स्वागत मन्तब्य राख्दै युनाईटेड क्लवका वरिष्ठ उपाध्यक्ष लोक बहादुर थापाले पोखरा महोत्सव सम्पूर्ण पोखरेलीको महोत्सव भएकाले सवैले सहयोग गरी युनाईटेडको सामाजिक अभियानमा भाग लिन आग्रह गरे ।

# बाँझो जमिन उपयोग गरी चियाखेती विस्तार गरिँदै

पोखरापत्र संवाददाता
पर्वत, ६ पुस

पर्वतको कुश्मा नगरपालिका-१४ आर्थरु डाँडाखर्क । जहाँ गुरुङ समुदायको बाहुल्यता छ । वैदेशिक रोजगारी, गुणस्तरीय शिक्षा, स्वास्थ्यको खोजीलगायत विविध कारणले गुरुङ समुदायको झण्डै ८० प्रतिशत परिवारले गाउँ छाडिसके ।

गाउँबाट बसाइँसराइको दर उल्लेख्य बढेपछि अहिले खेतबारी पूरै झाडी र बुटाघनले भरिएको छ । ढुङ्गाको छानो भएका, चिटिक्क परेका घर भग्नावशेषमा परिणत हुन थालेका छन् । गाउँमा बसेकालाई पनि खेतीबाली लगाउने रुचि छैन । किनकि बालीनाली लगाए बाँदरले छिनभरमै सखाप पारिदिन्छ । बर्सेनि बाँझो जमिन बढ्ने क्रम बढेपछि वडा कार्यालयले नयाँ योजना अघि सारेको छ । वडाभित्र खाली र बाँझो रहेको जमिन उपयोगमा ल्याउन लागेको हो । खाली र बाँझो जमिनमा चियाखेतीका लागि सम्भाव्यता अध्ययन गर्न थालिएको वडाध्यक्ष रुद्रमोहन रिमालले जानकारी दिनुभयो । प्रसिद्ध धार्मिक तथा पर्यटकीयस्थल पञ्चासेको घना जङ्गलमुनि रहेको उक्त गाउँमा परीक्षणका लागि केही व्यक्तिले लगाएका चियाका बोट हुर्किँदै गएपछि चियाखेती राम्रो हुने आकलन गर्दै सम्भाव्यता अध्ययन गर्न थालिएको अध्यक्ष रिमालले बताउनुभयो । यहाँ बाँझो जमिन प्रशस्त छ । चियाखेतीका लागि उपयुक्त हावा, पानी र माटोसमेत सुहाउँदो भएको देखिन्छ । अध्यक्ष रिमालले भन्नुभयो, "सम्भाव्यता अध्ययनका लागि राष्ट्रिय चिया तथा कफी विकास बोर्ड क्षेत्रीय कार्यालय कास्कीले तयारी थालेको छ ।" वडा कार्यालयको अनुरोधमा कार्यालयको टोलीले आर्थरडँडाखर्कका सबै क्षेत्रमा चियाखेतीको सम्भावनाको अध्ययन थालेको हो । गाउँमा बसाइँसराइका कारण खाली जमिन बढ्दै गएको र गाउँको सौन्दर्यतामा समेत ह्रास आउन थालेका कारण बाँझो जमिनको उपयोग गर्न लागिएको अध्यक्ष रिमालले बताउनुभयो । "गाउँमै रोजगारी हुनेमात्रै नभई नगरलाई अर्थतन्त्रमा बलियो बनाउन यसले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ", अध्यक्ष रिमालले भन्नुभयो । "त्यसका लागि युवालाई विदेश पलायन हुनबाट रोक्नका साथसाथै उपयोगविहीन भएको जग्गा प्रयोगमा ल्याउनु पर्दछ ।" आर्थरमा चियाखेतीको विस्तार हुनसकेमा आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्नमा सहयोग पुग्ने स्थानीय इन्द्र गुरुङले बताउनुभयो ।

बाँझो जमिन उपयोग गरेर यहाँका युवाहरूलाई गाउँमै कमाउने र गाउँमै रमाउने वातावरण सिर्जना गर्न सकेमा बसाइँसराइ दर कम हुने गुरुङले बताउनुभयो । आर्थरु डाँडाखर्कका झण्डै आठ सय परिवार बसाइँ सरेर पोखरा, काठमाडौँलगायत सहरमा बस्दै आएका छन् । सामाजिक सुरक्षा भत्ता वितरण गर्नका लागि वडा सचिव नै ती ठाउँ खोज्दै जानुपर्ने बाध्यता छ । अहिले गाउँमा गुणस्तरीय सडक, निजी विद्यालय तथा गुणस्तरीय सामुदायिक विद्यालय र स्वास्थ्य क्षेत्रमा समेत सुधार आए पनि गाउँ भने रित्तिँदै गएको स्थानीय दुर्गा शर्माले बताउनुभयो ।

# ऐनापहरामा आधुनिकपार्क निर्माण सुरु

पोखरापत्र संवाददाता
दमौली, ६ पुस

तनहुँका आँबुखैरेनी गाउँपालिकास्थित प्रसिद्ध पर्यटकीयस्थल ऐनापहरामा आधुनिक पार्क निर्माण गर्न थालिएको छ । पृथ्वीराजमार्गको नजिकै रहेको ऐनापहरालाई थप व्यवस्थित बनाउन गाउँपालिकाले पार्क निर्माण सुरु गरेको हो ।

आँबुखैरेनी गाउँपालिका-२ र ४ को सिमानामा निर्माण गरिने पार्क मङ्गलबार गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले शिलान्यास गर्नुभयो । ऐनापहराको वरपर रहेका चट्टानमा आकर्षक देवीदेवताको मूर्ति निर्माण गर्न थालिएको उहाँको भनाइ थियो । पार्क निर्माणका लागि गाउँपालिकाले चालु आर्थिक वर्षमा रु एक करोड ४० लाख बजेट विनियोजन गरेको छ । "ऐनापहरालाई तनहुँको मात्र नभइ गण्डकी प्रदेशकै उत्कृष्ट पर्यटकीय गन्तव्य बनाउने सोच राखेका छौँ", अध्यक्ष चुमानले भन्नुभयो,"सोही बमोजिम अहिले भइरहेको ठाउँलाई थप आकर्षण बनाउन काम सुरु भएको छ ।" गण्डकी प्रदेशको प्रवेशद्वारमा रहेको ऐनापहरामा मनमोहक झरना छ । कलकल बगेको पानी, हरियाली जङ्गल र खोंचबाट झरेको पानीले यहाँ आइपुग्ने पुग्ने जो कसैको पनि मन लोभ्याउँछ । पृथ्वीराजमार्गबाट एक मिनेटको दूरीमा पुगिने यो झरना आकर्षक पर्यटकीयस्थलको रूपमा विकास हुँदै गएको हो ।

राजमार्ग भएर यात्रा गर्ने सर्वसाधारणका लागि विश्रामस्थलको रूपमा ऐनापहरा झरना विकास भइरहेको आँबुखैरेनी गाउँपालिका-३ का वडासदस्य मनोजकुमार श्रेष्ठले बताउनुभयो । "काठमाडौँ, चितवनबाट पोखरा जाने र पोखराबाट फर्कने सर्वसाधारण सवारीसाधन रोकेरै यस झरनामा रमाउने गरेका छन्", उहाँले भन्नुभयो । यहाँ स्काइ साइक्लिकिङ र सिसाको पुल बनाउने योजना बनाइएको छ । गर्मी मौसमका बेला झरनामा नुहाउन, थकान मेटाउन, भिडिओ वा टिकटक बनाउन सर्वसाधारणको भीड लाग्न थालेको छ भने चिसो मौसममा यहाँ पुग्ने पर्यटकको चाप रहँदै आएको छ । छिम्केश्वरीको फेदीमा अवस्थित सिउँढी खोलाको पानी बगेर झरनामा मिसिएको छ । उक्त झरनालाई व्यवस्थित बनाउन गाउँपालिकाले तयार पारेको विस्तृत गुरुयोजना प्रतिवेदनमा रु दश करोड बजेट लाग्ने अनुमान गरिएको छ । उक्त ठाउँमा बुद्धको मूर्ति, रेलिङ, पार्किङलगायत संरचना निर्माण गरिने जनाइएको छ ।

# सूचना प्रवाहलाई सहज बनाउँदै मनाङ प्रशासन

पोखरापत्र संवाददाता
मनाङ, ६ पुस

जिल्ला प्रशासन कार्यालयले यहाँका सार्वजनिक निकायमा सूचना अधिकारी तोकेर सूचना प्रवाहलाई सहज बनाउने उद्देश्य लिएको छ ।

जिल्लास्थित सामुदायिक एवं सार्वजनिक निकायका प्रत्येक कार्यालयमा सूचना अधिकारीसँग नियमित मासिक बैठक बसी सूचनामा एकरुपता ल्याइने प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले जानकारी दिनुभयो ।

उहाँका अनुसार सबै सामुदायिक एवं सार्वजनिक निकायमा सूचना अधिकारी तोकी सहज सेवा प्रवाहको सुनिश्चितता गरिएको छ । जिल्ला प्रशासन कार्यालयमा हेर्न र सुन्न सकिने (श्रव्य दृश्ययुक्त) नागरिक बडापत्र सञ्चालनमा ल्याइएको उहाँले बताउनुभयो ।

प्रदेशसभा तथा प्रतिनिधिसभा सदस्य निर्वाचन, २०७९ लाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न योगदान पुऱ्याएका जिल्ला सुरक्षा समितिका सदस्य तथा सुरक्षा निकायका प्रमुख, अधिकृत तथा जवानलाई प्रशंसापत्रबाट सम्मान गरिएको आचार्यले जानकारी दिनुभयो ।


## त्रिभुवन विश्वविद्यालय
## वन विज्ञान अध्ययन संस्थान
### पोखरा क्याम्पस, पोखरा

**ल्याब Equipment सप्लाई गर्ने सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना**

**यस क्याम्पसको फरेष्ट्री प्रोडक्ट युटिलाईजेशन ल्याबका लागि Equipment खरिद गर्नुपर्ने भएको हुँदा भ्याट सहित रु. २१,६५,०००।-(एक्काईस लाख पैसट्ठी हजार मात्र) मा नबढाई सप्लाई गरी जडान गर्न ईच्छुक, कालो सूचीमा नपरेका ल्याब Equipment हरु सप्लाई गर्न ईजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट मिति २०७९/१०/०५ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।**

**विस्तृत जानकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।**

**क्याम्पस प्रमुख**



# Jaimini Municipality
## Kushmisera, Baglung
### Gandaki Province, Nepal

## Invitation for Bids

**(Date of Publication: 2079-9-7 BS (2022-Dec-22 AD)**

1. Jaimini Municipality Office, Kushmisera, Baglung invites electronic bids only from eligible bidders for the Water Supply work mentioned in table below under contract.

| S. N. | Name of Work | Contract ID | Estimated Amount NRs.(With VAT & PS) | Bid Doc.Fee | Bid Security Amount NRs. |
|---|---|---|---|---|---|
| 1 | Procurement of Bora Khanepani tatha Sarsaphai Karyakram (Location: Jaimini Municipality Ward No.-7, Jaidi) | JM/BAGLUNG /NCB/W/WS/ 1/2079/80 | NRs.59,98,097.79 | NRS 3000 | 1,50,000 |

2. Addendum (if any), Information on Pre-bid meeting, Letter of Intent, Letter of Acceptance or any other documentation/notification pertaining to this procurement notice and that must be disclosed to the bidders as per prevailing rules and regulation will be uploaded in E-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and also e-mailed to the bidders. So, the bidders must mention in their bids the correct email addresses which are presently in use. No more publication, after this, will be made in National newspaper, whatsoever.
3. For further information visit PPMO's website http://www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**